लेखापरीक्षण प्रतिवेदन

पाटन नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पाटन नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/42

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
पाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बैतडी।

कैफियतसहितको राय

हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड २८ लाख ११ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ५९ लाख ५ हजार समेत गरी रु. १४ करोड ३४ लाख ६ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ४७ करोड ८६ लाख ३१ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ८० लाख ८१ हजार (१.८९ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २ लाख ८५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ करोड ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३१ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख ९१ हजार, सोधभर्ना लिनुपर्ने रु. ३४ लाख ४ हजार र पेस्की बाँकी रु. ४ लाख ७१ हजार रहेको छ। गत वर्षसम्म रु. १६ करोड २ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ८० लाख ११ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पाटन नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण

कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८६	५५	२,८०,८१,३५३	०	१	२,८५,४६७	०	८६	५४	२,७७,९५,८८६	२,००,३१,७७५	६,९१,३३४	३१,९७,१४३	०	३४,०४,३७४	७२,९२,८५१	४,७१,२६०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	१६,०२,१६,०००	०	०	१६,०२,१६,०००	०	२,७७,९५,८८६	१८,८०,११,८८६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	सम्परीक्षण भएको रकम
१	२०८०/८१	२,८५,४६७
जम्मा		२,८५,४६७

(८०७७४४०२३०० - पाटन नगरपालिका, बैतडी)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा रहेका छन् भने क्षेत्रफल २१९.२६ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार २९,२३० जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।५।९ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय - व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ४७ करोड ८६ लाख ३१ हजार ४५० को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५६५३५४५.०० असुल भई दाखिला प्रमाण पेश भएको छ।

सि.नं	विवरण	रकम रु.
१	अग्रीम बैंक जमानत	२५६०००००
२	बढी तलब भुक्तानी	३७०४५
३	अनुगमन भत्ता बढी भुक्तानी	५५००
४	बैठक भत्ता बढी भुक्तानी	११०००
	जम्मा	२५६५३५४५

(ज) वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		२६१५९१७१.८३	१	चालु खर्च	४३९९७१८०७.७८	४३९९७१८०७.७८
	क) संचित कोष	१६८७६०४३.८९		२	पूँजीगत खर्च	८९७९१३८६.३२	८९७९१३८६.३२
	ख) बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७)	६९३०७१.५		३	धरौटी फिर्ता	३५२३१३०	३५२३१३०
	ग) कर्मचारी कल्याण कोष	३३१६४२		४	कोष फिर्ता		१२३४९६१३.८३
	घ) प्रकोप व्यवस्थापन कोष	२४६२८२३.३२			क) बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७)	१२३४९६१३.८३	
	ङ) धरौटी	५७९५५९१.१२			ख) कर्मचारी कल्याण कोष	०	
२	राजस्व (आन्तरिक आय)		१०२७८९२९३.८४		ग) प्रकोप व्यवस्थापन कोष	०	
	क) आन्तरिक राजस्व	७४०८९६२.८२		५	अनुदान फिर्ता	३९३९४७२०.३१	३९३९४७२०.३१
	ख) राजस्व बाँडफाँड	९५३८०३३१.०२		६	अन्तर स्थानीय तहबाट प्राप्त खर्च		१४३४०६६८४
	ग) अन्य आय				क) सामाजिक सुरक्षा	१४२८११६८४	
३	वित्तिय हस्तान्तरण संघ		४६४९८४३३४		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९५०००	
	क) वित्तिय समानीकरण अनुदान	१०००६८०००		७	राजस्व दाखिला	२६०८५	२६०८५
	ख) सशर्त अनुदान	३५०५२६०००		८	मौज्दात		४७८६३७६७.४२
	ग) समपूरक अनुदान	३६६६५८२			क) संचित कोष	३७७८१७०७.३२	
	घ) विशेष अनुदान	१०७२३७५२			ख) बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७)	१५८४८२८.३१	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२२२८९९५०		ग) कर्मचारी कल्याण कोष	३३१६४२	
	क) वित्तिय समानीकरण अनुदान	९०८२०००			घ) प्रकोप व्यवस्थापन कोष	२४६२८२३.३२	
	ख) सशर्त अनुदान	६२०००००			ङ) धरौटी	५७०२७६६.४७	
	ग) समपुरक अनुदान	०					
	घ) विशेष अनुदान	७००७९५०					
५	अन्तर स्थानीय तहबाट प्राप्त		१४३४३२७६९				
६	क) सामाजिक सुरक्षा	१४२८११६८४					
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५९५०००					
	ग) राजस्व प्राप्ति	२६०८५					
७	विभिन्न कोषतर्फको आय		१३२४१३७०.६४				

	क) बिबिध खर्च खाता/ कोष- बैंक (ग २-७)	१३२४१३७०.६४					
	ख) कर्मचारी कल्याण कोष	०					
	ग) प्रकोप व्यवस्थापन कोष	०					
१३	धरौटी आय	३४३०३०५.३५	३४३०३०५.३५				
	जम्मा	७७६३२७१९४.६६	७७६३२७१९४.६६		जम्मा	७७६३२७१९४.६६	७७६३२७१९४.६६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३ **स्थानीय तथ्याङ्कअभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानीजंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म.ले. प.फा.नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८ भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,
· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकारप्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,
· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,
· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,
· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
· निजामती सेवा ऐन, २०४९ तथा सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,
· सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यवस्थापन गरेको पाईएन,
· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण १०० मिटर सम्मको पुल लिफ्ट सिँचाइ सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,
· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,
· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,
· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,
· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,
· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाईएन,
· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, पालिकाले निर्माण गरेका सबै कार्यहरुको फोटो राख्ने गरेको पाइएन,
· दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,
· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म १२ वटा ऐन, ६ वटा नियमावली, ३६ कार्यविधि, ११ निर्देशिका आचार संहिता लगायत गरी ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

६ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २१३०४९७.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

क्र.सं.	सफ्टवेयरको नाम	खरिद मिति	कम्पनी	खरिद मूल्य	खरिद आ.व.	कैफियत
१	Development Installation & Operational of Business Tax software	2073/08/01	Eco plus pvt.ltd ktm	149725	२०७३/०७४	प्रयोगमा रहेको
२	Attendance Software		ब्राउनफिल्ड टेक्नोलोगी प्रा.ली. बिरगंज	398325	२०७४/७५	प्रयोगमा रहेको
३	Inventory management system	2075/03/04	मेफिस टेच फाउन्डेसन प्रा.ली. काठमाण्डौ	406000	२०७५/०७६	प्रयोगमा नरहेको
४	अनलाईन राजस्व सफ्टवेयर		Sangrila Informatics pvt ltd ktm	1119947	२०७७/७८	न.पा.र १० वटै वडामा प्रयोगमा रहेको
५	दर्ता चलानी	2075/02/21	मेफिस टेच फाउन्डेसन प्रा.ली. काठमाण्डौ	56500	२०७४/०७५	प्रयोगमा रहेको

७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १८ गरी कुल २० विवाद दर्ता भएकोमा १० वटा मात्र फस्र्यौट भई १० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

९ विपद् व्यवस्थापनतर्फ

९.१ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

९.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

९.३ **बार्षिक प्रतिबेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१० स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता आर्थिक व्यवस्थापन सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष पालिकाले पुर्णाङ्क १०० मा ४८.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

११ पालनाको लेखापरीक्षण

११.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था छ। पालिकाको आवधिक विकास योजना तर्जुमाको लागि अपी सैपाल विकास मंचलाई गो.भौ.नं. ८६३(२०८१।३।२०) बाट रु. ९७८१५६.०० भुक्तानी दिएको देखिन्छ। मंचले तयार गरी पेश गरेको आवधिक योजनामा पालिकाले योजना अवधिमा गरिने खर्चको लागि व्यहोर्नु पर्ने सम्पूर्ण स्रोत यकिन गरी उल्लेख गरेको छैन। योजनाको रुजु नगरी अन्तिम रुपमा सम्पादन भएको पनि देखियो। स्थानीय तहको समग्र विकासका लागि आवधिक विकास योजना मागमा आधारित भई

यथार्थरुपमा तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ। पालिकाले आवधिक विकास योजनालाई रुजु गरी अन्तिम रुपमा सम्पादन गर्न लगाई पुनः पेश गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	९,७८,१५६

११.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथामिकीकरण विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रमबजेट तथा कार्यक्रमकार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रथामिकीकरण र कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

११.४ **बजेट पेशपारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ६४ करोड १४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

११.५ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्रथामिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १८३७६०००.०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न ६३ योजनामा रु. १ करोड २९ लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

क्र सं	योजनाको नाम	बजेट	खर्च
१	कैलपाल ध्वनि घर निर्माण र बनारसी भण्डार घर निर्माण वडा नं. ६	९८१५४७	९८१५४७
२	कैलपाल स्वास्थ्य चौकी घेरपर्खाल वडा नं. ७	९९१६६६	९९१६६६
३	प्रशासनिक भवन सेनेटरी व्यवस्थापन	४९१७७८	४९१७७८

११.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल १६८ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	पालिकास्तरीय	८०	१५	१०	५५
२	वडास्तरीय	वडास्तरीय	८८	०	१८	७०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६१ योजनामात्र कार्यान्वियन भई ७ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

११.७ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार वार्षिक प्रगति विवरण देहाय बमोजिम छ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**			
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**
कार्यक्रम संख्या	१६८	७	०	०	१६१

पालिकाबाट यस वर्ष सञ्चालित ७ योजनामा शुन्य प्रगति भएको छन्। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शुन्य प्रगति हुनुले कार्यालयको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

११.८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८९७९१३८६.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३२०५४७७५	१२९७४६८४	२.४५
२	पूर्वाधार विकास	७३५३५२९४	४८४४१६०४.६६	९.१५
३	सामाजिक विकास	३७७४८३२७१	३३६६७०७१८.८९	६३.५६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१५४६३१२	११६०१२८	०.२२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५५८७३१२३	१३०५१६०५८.५५	२४.६३
जम्मा		**६४०४९२७७५**	**५२९७६३१९४.१०**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजकि विकासमा सबैभन्दा बढी ३९.५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ४.१५ प्रतिशत रहेको छ।

११.१० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ७४०८९६२.०० राजस्व बाँडफाँड र अनुदानबाट रु. ५८२६५४६१५.०० समेत रु. ५९००६३५७७.०० आम्दानी भएकोमा चालु तर्फ रु. ४३९९७१८०७.०० र पूँजिगत तर्फ रु. ८९७९१३८६.०० समेत रु. ५२९७६३१९४.०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४० प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. १०१८८५००.०० खर्च भएको छ जुन आन्तरिक आयको १३७.५१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.०५ प्रतिशत चालु र १६.९५ प्रतिशतमात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

११.११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	८९७९१३८६	०	६३८६४३३	२९३१५४५३	५४०८९४९८	३७०३७९६२
प्रतिशत	१००	०	७.११	३२.६४	६०.२३	४१.२४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८९७९१३८६.०० निकासा भएकोमा प्रथम त्रैमासिकमा शून्य प्रतिशत, दोस्रो त्रैमासिकमा रु. ६३८६४३३.०० (७.११ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २९३१५४५३.०० (३२.६४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५४०८९४९८.०० (६०.२३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ३७०३७९६२.०० (४१.२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११.१२ **अतिथि सत्कार खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष अतिथि सत्कारमा रु. ६ लाख १३ हजार खर्च गरेको छ। उक्त रकम आन्तरिक आय रु. ७४०८९६२.८२ को ८.२७ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

११.१३ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १७.९७ देखि ३२.८४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो। सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

क्र.सं.	योजनाको बिवरण	ठेक्का न.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिसत	कैफियत
१	Construction Of Sarshwoti Aa.Bi. Gutthadi Building	NCB/PTN/ BAITADI/01/2080-081	Ayush Builders Patan-4 Baitadi	७७२९०६०	५५३९४८०	२८	Completed
२	Construction Of Aawas Griha (Safe House) Pa.Na.Pa.- 6	NCB/PTN/ BAITADI/02/2080-081	Dharam Dev Nirman Sewa Patan 01 Baitadi	७७२८४६३	५२३३६२७	३२	Completed
३	Construction Of Basic Health Centre	NCB/PTN/ BAITADI/03/080-081	Shree Krishna Medical Hall Suppliers / Shree Krishna	७०९८५६०	४७९१५६७	३३	Running
४	Gaudali Gaad Paudi Dekhi Khipali Khanepani Yojana Patan-6 Baitadi	NCB/PTN/ BAITADI/04/080/081	Prashna Construction Dhanagadhi-06 Kailali	९६५९८०२	७३५९०७४	२४	Completed
५	The construction of school building of shree Bhumeshwor secondary school patan municipality 4 BagadiBaitadi	NCB/PTN/ BAITADI/05/080/081	Shivling/Khaptad /Bishnu JV	४६२८६३०२	३५६९३८०३	२३	Running
६	Construction Of Ward Office Building-08 Patan 8 Baitadi Building Sakar-1	NCB/PTN/ BAITADI/06/080/081	Dharam Dev Nirman Sewa Patan 01 Baitadi	१३३१६५२६	८९४३०४१	३३	Running
७	Construction Of Office	NCB/PTN/	BN Construction And suppliers Ltd. Patan 6	१३२७०२०५	८९३८९३०	३३	Running

	Building ward 2 silanga	BAITADI/07/080/081	Baitadi				
८	Toli Lift Water Supply Project Patan-4 Baitadi	NCB/PTN/ BAITADI/08/080/081	B and B Organization Dhanagadhi 11 Kailali	९०८३७२८	७४५१४३३	१८	Running
९	Koirali Lift Irrigation Project Patan 10 Baitadi	NCB/PTN/ BAITADI/09/080/081	Sigas Nirman Sewa Sigas 1 Baitadi	३९१९३४३	२९१८७२८	२६	Completed
१०	Baasic Health centre Building Type-1 Siddhapur patan 10 Baitadi	NCB/ PTNMUN/W-01-2079/80	Seti Nirman Sewa Dipayal Doti	८११९८८७	५५९९४३८	३१	Completed
११	Construction Of Ward Office Building-08 Patan 8 Baitadi	NCB/ PTNMUN/W-02-2079/80	Ransaini Nirman Sewa	१०३५७१७१	७७७७५३०	२५	Completed

११.१४ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

११.१५ **परामर्श तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत लागत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	कार्य संचालन/ सम्पन्न भए नभएको
Preparation of architectural and structural report of sawaswoti aa bi and safe house	बि.एण्ड बि ईन्जिनियरिङ सर्विसेज धनगढी कैलाली	१००००	९९७४५.२५	१६००००००	सम्पन्न भएको
तल्लो स्याडी गाड कनेडा कर्कल शिराइजर लिफ्टिङ खानेपानी डिपीआर बैतडी	श्री एच.एम. ईन्जिनियरिङ कन्सल्टेन्सी एलिन्स प्रा.लि. कामनपा ९ काठमाण्डौ	३५००००	३४५४१९.८१	३१०९००५४	सम्पन्न नभएको
उपल्लाबाटुला ढुँगा खानीको संभाव्यता अध्ययन	श्री हुनैनाथ कन्सल्टिंग प्रा. लि. कामनपा २९ काठमाण्डौ	३०००००	२९००९७		कार्यान्वयन नभएको
डि.पि.आर. निर्माण	श्री प्लानिभर्स इञ्जनियरिङ कन्सल्टिंग प्रा. लि. कामनपा १० काठमाण्डौ	१००००००	९९१५००	१०११२०२६५	यसमा २ वटा सम्पन्न भएको र सम्पन्न हुन बांकी ५
आवधिक विकास योजना	अपी सैपाल विकास मंच मैतिदेवी काठमाण्डौँ	१००००००	९७८१५६		सम्पन्न भएको
जम्मा		**२७५००००**	**२७०४९१८.०६**	१४८२१०३१९	

पालिकाले परामर्श सम्बन्धि अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

११.१६ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

११.१७ **अधुरा आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्नेत्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहायअनुसार रु. १५७०२२५२७.०० का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

ठेक्का न.	निर्माण कार्य	निर्माणब्यवसाई वा उपभोक्ता समितिको नाम	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	पटक पटक म्याद थप
NCB/PTNMUN/W-01/2078/079	Construction of ward Office Building Ward No.5Basantpur Baitadi	Jai Maa Sworgadwari Nirman Sewa	7125217	2078/09/06	2079/08/20	4
NCB/PTNMUN/W-04/2078/79	Dehimandu Basantpur Sadak Nirman Patan 05 Baitadi	Dogadayu Dristi Nirman Sewa Bi.Na.Pa.6 Kanchanpur	5165538	2078/11/10	2079/03/20	4
NCB/PTNMUN/W-09/2077/78	Construction Of 15 Bed Hospital Building Patan6 Baitadi	Synergy/Pradhan JV	144731772	2078/03/21	2080/12/30	नभएको
NCB/PTNMUN/W-09/2077/78	Malli Siradi Kaulakhuda Sayukta Sichaee Yoajan PA.Na.Pa.01	2079/10/12	6161349	2079/10/12	2080/03/12	२ पटक
NCB/PTN/BAITADI/03/080-081	Construction Of Basic Health Centre Building Type-01 GujarPatan 03 Baitadi.	2080/11/01	4791567	2080/11/01	2081/03/14	म्याद थप नभएको

११.१८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेनगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

११.१९ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्नेसोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६/७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भारलिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

११.२० **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

क्रसं	सम्पति	प्राप्तमिति	संख्या	खरिदमूल्य	कैफियत
१	मटिफिकेसन ब्रदर प्रिन्टरMFLG 6520	२०७७।०३।२३	१	११००००	पन्जिकरण विभागबाट प्राप्त
२	सिस्को मिनेजमेन्ट स्वीच	२०७७।०८।१६	१	१४१५८९	सूचना प्रविधि शाखा
३	मोटर साइकल	२०७४।०२।१६	१	२३७९००	
४	मोटर साइकल	२०७४।१२।२७	१०	२४९९००	प्रति मोटरसाइकल मूल्य
५	एम्बुलेन्स	२०७९।३।३१	१	१९८९९७०	PHC handover
६	ब्याकहोलोडर(जे.सि.वी.)	२०७३।३।९	१	३६७९०००	चालु अवस्थामा नरहेको
७	ल्यापटप कम्प्युटर ग्राफीक्स	२०७८।३।११	२	२१००००	
८	ल्यापटप कम्प्युटर ग्राफीक्स	२०७८।३।२५	१	१६७२४०	
९	ल्यापटप कम्प्युटर ग्राफीक्स	२०७९।७।२५	१	१०१०००	
१०	ल्यापटप कम्प्युटर ग्राफीक्स	२०८०।२।१७	१	१३४०००	
११	ल्यापटप कम्प्युटर ग्राफीक्स	२०८१।१।१२	१	१२७६१०	
१२	टिप्पर गाडी	२०७२।३।२९	१	२५९००००	
१३	डिजिटल डिस्प्ले बोर्ड{	२०७८।१२।२८	१	२१२०००	
१४	पिकअव जीव	२०७२।९।२६	१	३२९४०००	
१५	मोटर साइकल	२०७९।७।२२	१	२५०३५३	
१६	मोटर साइकल	२०७९।७।२४	१	२६५३५९	
१७	मोटर साइकल	२०७९।१०।२६	१	३१८४९५	
१८	मोटर साइकल	२०८१।१।२१	१	१९७२१०	पुरानो गाविसको सम्पति
१९	दमकल गाडी	२०७४।९।३	१	५९९६८५	
२०	फोटोकपी मेसिन	२०७४।३।२०	१	१२३०००	
२१	अटोमेटिक लेबव मेसिन आल्मुनियम टिपोर्ड{	२०७४।११।११	१	१६९५००	
२२	इलेक्टोनिक डिजिटल थेडोलाइट आल्मोनियम टीपोर्ड	२०७४।११।११	१	१८०८००	

पालिकाले जिन्सी सामाग्रीको यथार्थ लगत राखी जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार चालु हालतमा नरहेको व्याक हो लोडरको मर्मत, सम्भार तथा लिलाम बिक्री के गर्नुपर्ने हो एकीन गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

११.२१ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था

बमोजिमको कार्य भएको पाइएन। त्रैमासिक रुपमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

११.२२ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. १७ लाख ६४ हजार आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७४०८९६२.०० को २३.९० प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

११.२३ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले यस वर्ष कृषि कार्यक्रममा रु. १०७५०००.००, पशु क्षेत्रमा रु. ५०००००.०० र शैक्षिक सेवामा रु. १५०००००.०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. २०००००.०० गरी रु. २७७५०००.०० अनुदान खर्च लेखेको छ। पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

११.२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३७ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

११.२५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ ५४ कर्मचारीको रु. ४१२३७६८०.०० र पालिकाका ४२ कर्मचारीहरुको रु. २१०२५०००.०० समेत रु. ६२२६२६८०.०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

११.२६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

११.२७ **विविध तथा सभा संञ्चालन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष विविधतर्फ (खाजाखाना लगायत) रु. १४९९८००.०० र सभा सञ्चालनतर्फ रु. १९७००० खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रु.7408962.३२को २२.९० प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

११.२८ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ३४ कार्यक्रममा विनियोजित रकम विभिन्न ५६ कार्यक्रममा अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी कुल रु. २८४६२४०८.०० खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

क्रस	**स्वीकृत आयोजना/कार्यक्रमको नाम**	**बजेट रकम रु.**	**संशोधित आयोजना/कार्यक्रमको नाम**	**बजेट रकम रु.**	**कैफियत**
१	वडा कार्यालय भवन निर्माण वडा नं. १	२००००	महिमन्दिर निर्माण वडा नं.१ बामुनी पिजास मन्दिर	५०००० १५००००	
२	कनेडा कर्कल सिराईजर टोलमा डीप बोरिङ डी पी आर	३५००००	तल्लो स्याडी गाड देखि कनेडा कर्कल सिराईजर टोल लिफ्टिङ निर्माण	३५००००	
३	मल्लि सिराडी संयुक्त सिँचाई योजना समपुरक	५६३५०००	वडा कार्यालय भवन निर्माण वडा नं. १	४९५५०००	

१२ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. ३९३९४७२०.०० संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको तहको संचित कोषमा फिर्ता भएको विवरण देहाएबमोजिम रहेको छ।

अनुदान	प्राप्त रकम	खर्च रकम	फिर्ता गर्नुपर्ने	फिर्ता भएको
संघ शर्सत(चालु)	३३४२२६०००.	२९९३५४५३५.०३	३४८७१४६४.९७	३४८७१४६४.९७
संघ शर्सत(पुँजिगत)	१६३०००००.	११८८५००९.६६	४४१४९९०.३४	४४१४९९०.३४
संघ विशेष(पुँजिगत)	१०७२३७५२.	१०७२३७५२.	०	०
संघ समपूरक(पुँजिगत)	३६६६५८२.	३६६६५८२.	०	०
प्रदेश शर्सत(चालु)	५५००००.	४८६५९९.	६३,४०१.००	६३,४०१.००
प्रदेश शर्सत(पुँजिगत)	५६५००००.	५६२३०११.	२६,९८९.००	२६,९८९.००
प्रदेश विशेष(चालु)	३२५७९५०.	०	३२५७९५०	
प्रदेश विशेष(पुँजिगत)	३७५००००.	६९९००७५.	-३२४००७५	१७,८७५.००
जम्मा	३७८१२४२८४	३३८७२९५६४	३९३९४७२०	३९३९४७२०

१३ मध्यममकालीन खर्चसंरचना

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८०/८१ को बजेट तर्जुमाको बखत मध्यमकालीन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालीन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन। पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कार्यम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

१४ **अनुगमन**

सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. क्रमस ११ र १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वियन हुनुपर्दछ।

क्र स	स्रोत	सम्पन्न योजनाहरु	बजेट खर्च
१	प्रदेश विशेष अनुदान	गुजर स्वास्थ्य चौकी	४०३२१२३.०
	प्रदेश विशेष अनुदान	कोइराली लिफ्ट सिंचाई योजना	३१७७७२६
२	प्रदेश समपुरक अनुदान	मल्लिसिराडी संयुक्त कोलखुला सिंचाई योजना	११८००७६
३	संघ विशेष अनुदान	सरस्वती आवि गुत्थडी भवन निर्माण	५४२८२४३
	संघ विशेष अनुदान	सुरक्षित आवास गृह भवन निर्माण	५०७४७७९
४	संघ समपुरक अनुदान	गौडालीगाड देखि पौडी खिपाली खानेपानी योजना	७३४११६०

१५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनु पर्दछ।

क्र स	गो भौ न मिति	पेश्की प्राप्त गर्नेको नाम	म्याद नाघेको पेश्की		म्याद ननाघेको पेश्की		जम्मा
			यस आव	गत आव	यस आव	गत आव	
१	१५६(२०८०।४।१)	एस.के. निर्माण सेवा प्रा.लि.	०	३८००००	०	०	३८००००
२	१३७(२०८१।३।१)	वि.एन.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	०	०	७८००००	०	७८००००
३	१३७(२०८१।३।१)	धरम देव निर्माण सेवा	०	०	७८००००		७८००००
४	५०(२०८०।४।१)	गुत्थडी गराल्लेक सडक निर्माण पा न पा १ बैतडी	०	२२१७६०	०	०	२२१७६०
५	५०(२०८०।४।१)	डङसिलि गेरडा सडक निर्माण उ.स. पा न पा १	०	२३१०००	०	०	२३१०००
६	२३(२०८१।२।१५)	मष्टामान्डौँ स्टिल ट्रस पुल पा.न.पा. ७ कैलपाल बैतडी	४७१२६०	०	०	०	४७१२६०
जम्मा			४७१२६०	८३२७६०	१५६००००	०	२८६४०२०

पेश्की	४,७१,२६०

१६ **आन्तरिक आय तर्फ**

१६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु. ५०००००० .०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ७४०८९६२.८२ अर्थात अनुमान भन्दा ४८.१८ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

संघीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२३१२४२०५४.१	७४०८९६२.८२	१.२४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२४ प्रतिशत मात्र रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
भुमिकर/मालपोत	915750	809106.82	88.5
वहाल कर	556770	810292.95	145.53
व्यवसायले भुक्तानी गर्ने	-	595140	595140
अन्य कर	-	1300041	1300041
अन्यसेवा शुल्क तथा बिक्री	-	50435.50	50435.50
न्यायिक दस्तुर	-	5500	5500
अन्य प्रशासनिक सेवा शुल्क	-	304408.14	304408.14
नक्सापास दस्तुर	325000	162599.36	50.03
सिफारिस दस्तुर	739200	91000३.55	123.1
व्यत्तिगत घटना दर्ता दस्तुर	125000	410975	328.78
नाता प्रमाणित दस्तुर	74810	41175	55.03
अन्य दस्तुर	801360	374393.50	46.71
न्यायिक दण्ड जरिवाना दस्तुर	5800	-	0
व्यवसायिक रजिष्ट्रेशन दस्तुर	0	514055	514055
व्यवसायिक कर	1166940	0	0
अन्य राजश्व	289370	4000	1.38
बेरुजु		1116837	
जम्मा	5000000.00	7408962.32	148

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई वास्तविक अनुमान गर्नुपर्दछ।

१६.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र संकलनको स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व. २०७८/७९ को आय अनुमान	संकलन	आ.व. २०७९/८०को आय अनुमान	संकलन प्रतिशत	आ.व. २०८०/८१ को आय अनुमान	संकलन प्रतिशत
५०११२५०	३८११२५७.०६ ७६.०५ %	४५०००००	४५२९२४७.२७ १००.६४ %	५००००००	७४०८९६२.३२ १४८.१८ %

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ मा रु. ५०११२५०.०० आय अनुमान गरिएकोमा रु. ३८११२५७.०६ अर्थात ७६.०५ प्रतिशत संकलन भएको, आ.व. २०८०/८१ मा रु. ४५०००००.०० आय अनुमान गरिएकोमा रु. ४५२९२४७.२७ अर्थात १००.६४ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा रु. ५०००००००.०० आय अनुमान गरिएकोमा रु. ७४०८९६२.३२ अर्थात १४८.१८ प्रतिशत संकलन भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बढ्दो क्रममा भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

१६.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५१४०५५.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१७ वित्तीय बिबरणको परीक्षण

१७.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४२८११६८४.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ५९५०००.०० समेत गरी रु. १४३४०६६८४.०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

१७.२ **फरक हिसाब** - पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १८२६२३१२१.००, यस वर्षको भुक्तानी रु. १९८७००२३३.०० र बैङ्क मौज्दात रु. (३५६७६४) फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२६१५९१७१.८९	५६७५४४९०१.४२	५२९७६३१९४.१०	४८२२०५३१.७८
एकीकृत आर्थिक विवरणअनुसार	२६१५९१७१.८९	७५०१६८०२२.८३	७२८४६३४२७.२४	४७८६३७६७.४२
फरक	०	१८२६२३१२१	१९८७००२३३	(३५६७६४)

१७.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	३७८९८३१८.९२	३८१०२४७१.६८	२०४१५२.७६
स्थानीय तह विविध कोष खाता	३३१६४२	३३१६४२	०
विविध खर्च खाता	१७३५९८५.१४	१५८४८२८.३१	(१५११५६.८३)
स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	२४६२८२३.३२	२४६२८२३.३२	०
स्थानीय तह धरौटी खाता	५७३८७६६.४७	५७३८७६६.४७	०
बैङ्क	४८१६७५३५.८५	४८२२०५३१.७८	५२९९५.९३
जम्मा			५२९९५.९३

स्रेस्ताअनुसार मौज्दात रु. ४८१६७५३५.८५ र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रु. ४८२२०५३१.७८ बिचको फरक हिसाब रु. ५२९९५.९३ को पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

१८ बहाल कर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस्तै आयकर ऐन, २०५८ को दफा ८८(१) को ५ मा बहाल कर १० प्रतिशत अग्रीम रुपमा कट्टी गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ९४७/२०८१।०३।०४ बाट हरिमोहन भण्डारीलाई रू. २,७३,०००।- सवारी भाडा भुक्तानी दिंदा १० प्रतिशतका दरले हुन आउने बहाल कर २७,३००।- कट्टी गरी दिनुपर्नेमा कर कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२७,३००

१९ विद्युत महशुल(जरिवाना)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरी विद्युत महशुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरी मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. ७३,५९७।- भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

क्र. सं.	भौ. नं. र मिति	विद्युत महशुल	जरिवाना
१	४५८/२०८०।०७।१६	२०००००	३५७३३
२	४७९/२०८०।०९।०२	७३२०	१३६५
३	५७७/२०८०।१०।२४	११११९	२८००
४	५९६/२०८०।११।०४	७००००	८२१२
५	६२७/२०८०।१२।०४	६०२४	१२०५
६	६८९/२०८०।१२।२३	५९२०	११८३
७	८२७/२०८१।०३।१७	१००००	२२४४
८	८५२/२०८१।०३।१८	१००००	२०००
९	८५८/२०८०।०३।१९	१५००००	१८८५५
जम्मा		४७०४६३	७३५९७

अनियमित भएको	७३,५७९

२० **कार्यक्रम प्रभावकारिता**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको रकमको सही सदुपयोग भए नभएको एकीन गर्न रकम उपलब्ध गराउने निकायले समय समयमा अनुगमन तथा फलोअप गरी सार्वजनिक रकम सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ। यस आर्थिक वर्षमा पालिकाले देहायका कार्यक्रममा रकम उपलब्ध गराई रू.४,९८,७००।- खर्च लेखेको छ।

गो.भौ.नं./मिति	भुक्तानी रकम	कार्यक्रमको नाम	विवरण
८२१/२०८०।०३।१५	१०००००	जनजातिको आयआर्जनको लागि कुखुरा वितरण कार्यक्रम	- १६० वटा कुखुराका चल्ला खरिद गरी १६ जना व्यक्तिलाई १० चल्लाका दरले वितरण गरेको।
८२२/२०८०।०३।१५	९८७००	व्यवसायिक दलितलाई कुखुरा वितरण कार्यक्रम	- १६८ वटा कुखुराका चल्ला रु खरिद गरी २१ जना व्यक्तिलाई ८ चल्लाका दरले वितरण गरेको।
८४४/०३/१८	३०००००	अपाङ्गता भएका व्यक्तिलाई कुखुराका चल्ला वितरण कार्यक्रम	- महारुद्र कैलपाल बहुउद्देश्यीय तथा पशुपालन विकास फर्मबाट ४८० कुखुराका चल्ला खरिद गरी ६० जना अपाङ्गता भएका व्यक्तिलाई प्रतिव्यक्ति ८ चल्लाका दरले वितरण गरेको।
जम्मा	४९८७००		

पालिकाले अनुदान वितरणका लागि कृषक, कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान रकम वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन। उल्लिखित कृषक समूह/फर्म/कृषकलाई वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा फलोअप गरी उपलब्धी मापन गरेको देखिएन। जसबाट वितरित रकमको पूर्ण रुपले सदुपयोग भएको र संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नभएको भनी सुनिश्चित हुन सकिएन। यसर्थ, अनुगमन तथा फलोअपलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

२१ **बढी बैठक भत्ता भुक्तानी**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ कोदफा ३ अनुसूची १(ख) मा नगर कार्यापालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्यको सुविधा सम्बन्धी व्यवस्था छ। निम्न पदाधिकारिलाई तोकिएको दर भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असुल गर्नुपर्ने रू.

गो.भौ.नं./मिति	पदाधिकारीको नामथर	पद	बढी भुक्तानी रकम	कैफियत
७८९/२०८१।०३।०३	श्री रमेश राम कोली	सदस्य	५१००	माघ, चैत्र र बैशाख महिनामा २ भन्दा बढी पटक बैठक बसेको भत्ता भुक्तानी भएको र १८ वटा बैठकमा उपस्थित भई १९ वटा बैठकको भत्ता भुक्तानी भएको देखिएको।
	श्री जयन्ती भाट बिजले	सदस्य	५१००	माघ, चैत्र र बैशाख महिनामा २ भन्दा बढी पटक बैठक बसेको भत्ता भुक्तानी भएको र १८ वटा बैठकमा उपस्थित भई १९ वटा बैठकको भत्ता भुक्तानी भएको देखिएको।
	श्री लक्ष्मीदत्त पाण्डेय	कानूनी सल्लाहकार	५१००	माघ, चैत्र र बैशाख महिनामा २ भन्दा बढी पटक बैठक बसेको भत्ता भुक्तानी भएको र १८ वटा बैठकमा उपस्थित भई १९ वटा बैठकको भत्ता भुक्तानी भएको देखिएको।
जम्मा			१५३००	

असुल गर्नुपर्ने	१५,३००

२२ **भ्रमण अभिलेख नभएको**

भ्रमण खर्च नियमावलि,२०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यलयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा भ्रमण अभिलेख बेगर भ्रमण खर्च वापत रू. २२,९९,१४९।- खर्च लेखेको पाईयो। भ्रमण अभिलेख नहुँदा वास्तविक भ्रमण भए नभएको एकिन हुन सकिएन। अत: नियमावलीको व्यवस्था अनुसार भ्रमण अभिलेखको व्यवस्था हुनुपर्दछ।

२३ **पशुपंक्षीको औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने पशु औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी आपूर्ति तथा वितरणको व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। यस वर्ष पालिकालेविभिन्न फर्म/सप्लायर्सबाट रू. ४,६५,४४६। को पशुपंक्षिको औषधी खरिद गरेको देखिन्छ। आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date , Expiry Date, Batch no, Manufacture Company को नाम र सरकारबाट निःशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन। आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ। तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन । पालिकाले खरिद गरेका पशुपंक्षी औषधि भण्डार दाखिला गर्नु भन्दा पहिले अनिवार्य रुपमा inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको पाइयो। अतः पालिकाले खरिद गरेको पशुपंक्षी औषधीको म्याद चेक जाँच गरी भण्डारण एवं दाखिला गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ। साथै पालिकाले पशुपंक्षी औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

२४ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मूल्य खुलाई जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा गो.भौ.नं. १९४/२०८१।३।५ बाट वडा नं. १० को कार्यालयबाट खरिद गरिएको प्रोजेक्टर पालिकाको

मुल जिन्सी किताबका दाखिला नगरी वडा कार्यालयको जिन्सी किताबमा मात्र दाखिला गरेको छ। अत: पालिकाले वडा कार्यलयबाट खरिद गरिएको प्रोजेक्टर पालिकाको मुल जिन्सी किताबमा पाम्समा दाखिला गरी दाखिलाको निस्सा पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	९८,४९९

२५ **नियम सम्मत नदेखिएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ। पालिकाले बालबालिका तर्फका कार्यक्रम अन्तर्गत बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम कार्यान्वयनका लागि ग्रामीण विकास केन्द्र बैतडीसँग लागत अनुमान बेगर नै सम्झौता गरी रू.२,९७,७५५। भुक्तानी गरेको छ। उक्त केन्द्रले पालिकाका १० वटै वडाहरुमा बालश्रमिकको तथ्यांक संकलन, पालिका स्तरीय अभिमुखिकरण गोष्ठी, कार्यविधिको तयारी लगायतका कार्य गर्ने तथा पालिकाले उक्त कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने कुरा सम्झौतामा उल्लेख छ। पालिकाले अनुगमन तथा मूल्याङ्कन बेगर नै उक्त संस्थालाई भुक्तानी दिएको साथै उक्त ग्रामीण विकास केन्द्रले खर्च पुष्टि गर्ने बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन समेतका कागजात पेश गरेको देखिएन। यसरी पालिकाले सार्वजनिक कोष सदुपयोगको सुनिश्चिता नै नगरी खर्च खुल्ने यथेष्ट कागज प्रमाण तथा अनुगमन, मूल्याङ्कन तथा लागत अनुमान बेगर नै गरेको भुक्तानी नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२,९७,७५५

२६ **कम्प्युटर लेखा प्रणाली**

पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोवारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेको सफ्टवेयर साङ्गीला कम्पनीको आय प्रणाली र कर प्रणालीप्रयोग गरेको पाइयो।पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रु. ७४०८९६३.०८ आय देखाएको पाइयो।प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

२७ **आन्तरिक आयको परिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५९ मा जुनसुकै माध्यमबाट प्राप्त भएको राजस्व रकम स्वीकृतराजस्व वर्गिकरण र व्यख्या बमोजिम लगति तथा हसवली राजस्व आम्दानी दाखिला गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजस्व लेखा अद्यावधिकगर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष साङ्ग्रीला कम्पनीको आय लेखा र मालपोत लेखा नामक सुचना प्रणालीको माध्यमबाट कुल राजस्व रू. २६४४६०२.६६ देखाएकोमा पालिकाले संचालन गरेको सुत्र नामक सफ्टवेयरको माध्यमबाट रू. ७४०८९६३.०८(संघीय तथा प्रदेशबाट हुने बाँडफाँटबाट प्राप्त हुने राजस्व रकम बाहेक) देखाएको छ। पालिका तथा वडा कार्यालयबाट संकलन हुनुपर्ने राजस्व पालिकालाई जानकारी विना राजस्व खातामा बैंक दाखिला भएकोले यस प्रकारको फरक देखा परेको भन्ने कार्यालयको भनाई रहेको छ। सुत्र तथा सफ्टवेयर दुबै प्रणालीको माध्यमबाट राजस्वको शिर्षक अन्तर्गतको विस्तृत विवरण तथा सम्बन्धित शिर्षकमा दाखिला गर्ने व्यक्तिको सुचि तथा रकमगत विवरण प्राप्त हुन सकेन। त्यसै गरी सुत्र र सुशासन सफ्टवेयरबाट प्राप्त विवरण पनि एक आपसमा भिडान हुन सक्दैन। साथै मालपोत रसिदमा जग्गाको प्रकार (सिम, चहार, दोयम र अब्बल) उल्लेख नगरिएको, नक्सा अभिलेखिकरण वापतको राजस्व रसिदमा घरको क्षेत्रफल उल्लेख नगरेको कारण संकलन गरेको राजस्व यथार्थ हो भन्ने अवश्था छैन।तसर्थ पालिकाले राखेको राजस्वको हिसावको यथार्थता सुनिश्चित हुन सकेन। राजस्व सम्बन्धी खण्डिकृत र एकिकृत सबै सूचना प्राप्त हुने गरी हिसाव अद्यावधिक हुनु पर्दछ।

२८ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदी जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको देखिन्छ तर पालिकाको संचित कोषमा नियमानुसार दाखिला हुनु पर्ने कुनै रकम दाखिला भएको अवस्था देखिदैन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्री वापतको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ। रु.

क्र.सं.	सामुदायिक वनको नाम	बार्षिक कटान गर्न सकिने स्वीकृत परिमाण(काठ क्यु फिट)	निकासी भएको परिमाण (काठ क्यु फिट)	विक्रि भएको काठको रकम	संचितकोषमा दाखिला हुनुपर्ने रकम
1.	श्री सल्लेवासा सामुदायिक वन उपभोत्ता समुह पाटन न.पा.९ बैतडी	३१५६.२४	३८७७	११४३८३६	११४३८४
2.	श्री लालीगुराँस सामुदायिक वन उपभोत्ता समुह सिगासपाटन न.पा.१० बैबैतडी	२३८८	२२१८.४७	७८८४८०	७८८४८
3.	श्री सल्याडी सामुदायिक वन उपभोत्ता समुहपाटनन.पा.२ बैतडी	१४४४४.३	१४३२.८१	५०४३५५	५०४३५
4.	श्री सलानी सामुदायिक वन उपभोत्ता समुह पाटनन.पा.१० बैतडी	३९१९.०२	३९०१.२	११७६०००	११७६००
5.	श्री मधुवन सामुदायिक वन उपभोत्ता समुह पाटनन.पा.१० बैतडी	२१३६	२११३.२१	६३६२००	६३६२०
जम्मा		१३०४३.११	१३५४३	४२४८८७१	४२४८८७

असुल गर्नुपर्ने	४,२४,८८७

२९ **कार्य योजनामा स्वीकृत परिमाण भन्दा बढी निकासा**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। यस पालिका भित्रको श्री सल्लेवासा सामुदायिक वन उपभोत्ता समुह पाटन न.पा.९ बैतडीले आ.व. २०८०/८१ मा ३१५६.२४ क्यु फिट काठ कटानको स्वीकृत प्राप्त गरेकोमा जिल्ला वन कार्यालय, बैतडीबाट प्राप्त विवरण अनुसार उक्त सामुदायिक वनले ३८७७ काठ क्यु फिट निकासा भएको देखिन्छ। यसरी वार्षिक स्वीकृत कार्ययोजना भन्दा ७२०.७६ काठ क्यु फिट निकासा भएको सम्बन्धमा कानून बमोजिम हुनुपर्दछ।

३० **भान्से सुविधा(पदाधिकारी)**

-

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **२८५,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ९१९/२०८१।०३।२३ बाट बयलचौर प्रहरी चौकी व्यवस्थापनका लागि रू. १,६२,८३९। खर्च भुक्तानी गरेको छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार बढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३२ सार्वजनिक सुनुवाई

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा नियमावली, २०६५ को अनुसूची-३ (नियम १९ को उपनियम (१) सँग सम्बन्धित) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न तोकिएको पदाधिकारीले सार्वजनिक सुनुवाई कार्यक्रममा नियम १९ को उपनियम (३) बमोजिमका विषयहरु समावेश गरी कार्यसूची (एजेण्डा) तयार गर्नु पर्नेछ। सार्वजनिक सूचना सामान्यतः एक हप्ता अगाडि प्रकाशित गर्नु पर्नेछ। स्थान निर्धारण गर्दा कति सहभागी समावेश हुन सक्छन् त्यसको अनुमान गरी र सहभागीहरुको सुविधा (पायक पर्ने, खानेपानी, प्राथमिक उपचार, शौचालय आदि) लाई विचार गरी स्थान निर्धारण गर्न सकिनेछ। त्यसै गरी सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन तोकिएको ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो ऐन, नियमावलीको उल्लिखित व्यवस्था बमोजिमको प्रक्रिया पालना भएको पाइएन। साथै प्रतिवेदन समेत तयार भएको देखिएन। यस कार्यक्रमको लागि पालिकाले रेडियो सेभेनस्टारलाई सार्वजनिक सुनुवाई कार्यक्रम बापत यो वर्ष रू. २०००००।- रकम भुक्तानी गरी खर्च गरेको देखिन्छ। सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा नियममा उल्लिखित प्रक्रिया पुरा गरेको हुनुपर्दछ।

३३ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक ईञ्जिनियर, सूचना प्रविधि अधिकृत, कम्प्युटर अपरेटर लगायतका ८५ जना कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. २,२६,०८,९३५। भुक्तानी पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

३४ लागत अनुमान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि निर्माण कार्य बाहेक एक लाख रुपैयाँ भन्दा बढी खरिदको लागि तोकिय बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका खरिद कार्यमा लागत अनुमान बेगर नै खरिद गरेको छ। लागत अनुमान बेगर खरिद गर्दा खर्चमा मितव्ययीता कायम नहुने साथै खरिद कार्य प्रभावकारी समेत हुने देखिदैंन। अत: लागत अनुमान बेगर खरिद गरिएका देहायको खरिदलाई नियमसम्मत मान्न नसिकएको रू.

गो.भौ.नं.	भुक्तानी रकम	भुक्तानी पाउनेको नाम	खरिद कार्य	कैफियत
८६५/२०८१।०३।२०	३२००००	आर.जे. ट्रेड एण्ड सप्लायर्स	फर्निचर सामग्रीहरु	न्यायिक समिति व्यवस्थापनार्थ फर्निचर सामग्रीहरु खरिद गरेको

अनियमित भएको	३,२०,०००

३५ प्रमाण पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रु.२०,१५,५९६।- भुक्तानी गरेको छ। जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ, बिल भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

क्र.सं.	भौचर नं.	भुक्तानी प्राप्त कर्ताको नाम	भुक्तानी रकम	कैफियत
१	४८०/२०८०।०९।०३	हरि आयल स्टोर	५५००००	५५४.२ लिटर पेट्रोल र २६३९.३० लिटर डिजेलको प्रयोग तथा प्रयोजन र प्रयोग गर्ने पदाधिकारी र सवारी साधनको नामनामेसी सहितको प्रमाणित सवारी लगबुक पेश नभएकोले सवारी लगबुक पेश गर्नुपर्ने।
२	५४४/२०८०।०९।२१	शिवसागर सप्लायर्स	३५०००	५ थान मा रेनकोट प्रतिथान ४२०० का दरले र ४ थान झोलाको प्रतिथान ३५०० दरले खरिद गरेकोमा उक्त सामग्रीहरुको प्रयोजन र वितरण भरपाई पेश नभएकोले प्रयोजन सहितको वितरण भरपाई पेश गर्नुपर्ने ।
३	५७६/२०८०।१०।२४	रामदत्त जोशी	७०३२०	- झोला वितरण कार्यक्रम वडा समिति सबै कार्यक्रममा झोला वितरण गरी रू.३७,८००।- खर्च भुक्तानी गरेकोमा झोला वितरण गरेको वितरण भरपाई पेश नभएकोले वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने। - अभिभावक शिक्षा कार्यक्रम र अभिभावकको उपस्थितिमा अभिलेख वितरण कार्यक्रममा गरेको खर्च रू. ३२,५२० को बिलभरपाई समेतका कागजात पेश गर्नुपर्ने।
४	५९४/२०८०।११।०४	न्यूज नाइन्टीनाइन एन.पी. प्रा.लि.	४००००	सूचना प्रकाशन गरेबापत भुक्तानी भएको तर पेश गरिएको पत्रिकामा पालिकाको कुनै सूचना प्रकाशन भएको नदेखिएको हुँदा के कुन विषयमा सूचना प्रकाशन गरिएको हो सो को प्रमाणको साथै उल्लिखित न्यूज नाइन्टीनाइन एन.पी. प्रा.लि.सँग सूचना प्रकाशन गर्ने भन्ने सम्बन्धमा गरिएको सम्झौता समेतका कागजात पेश गर्नुपर्ने।
५	६१५/२०८०।१२।०४	हरि आयल स्टोर	४५५६७०	५१६ लिटर पेट्रोल र २४०० लिटर डिजेलको प्रयोग तथा प्रयोजन र प्रयोग गर्ने सवारी साधन तथा पदाधिकारीको नामनामेसी सहितको प्रमाणित सवारी लगबुक पेश नभएकोले सवारी लगबुक पेश गर्नुपर्ने।
६	६६९/२०८०।१२।२०	पाटन भ्याली क्रिकेट क्लब	१८०००	१५ सेट ड्रेसको रकमप्रतिथान १२०० दरले पालिकाले भुक्तानी दिएकोमा पाटन भ्याली क्रिकेट क्लबले उक्त ड्रेस दाखिला तथा वितरण गरेको भरपाई पेश नगरेकोले पेश गर्नुपर्ने।
७	७२२/२०८०।१२।२७	राधिका सप्लायर्स	२०८२८७	७३ थान कम्बल २८७८.२५ का दरले खरिद गरी जेष्ठनागरिक सम्मान कार्यक्रममा वितरण गरेको भनी भुक्तानी दिएकोमा उक्त कम्बलहरु वितरण गरेको वितरण भरपाई संलग्न नदेखिएको हुँदा वितरण भरपाई पेश गर्नुपर्ने।
८	७५१/२०८१।०१।२७	हरि आयल स्टोर	४६१७०९	१०२४ लिटर पेट्रोल र १८०० लिटर डिजेलको प्रयोग तथा प्रयोजन र प्रयोग गर्ने सवारी साधनको नामनामेसी सहितको सवारी लगबुक पेश नभएकोले सवारी लगबुक पेश गर्नुपर्ने।
९	८००/२०८१।०३।०७	काव्याञ्जली बहुउद्देश्यीय कृषि फर्म	५९५००	३९ थान खेलाडी पोशाक, ३ भलीबल र १ थान भलीबल नेट वितरण गरेको नामनामेसी तथा के कुन प्रयोजनका लागि वितरण भएको तथा सोको उपलब्धी खुल्ने विवरण सहित वितरण भरपाई पेश गर्नुपर्ने।
१०	८२७/२०८०।०३।१७	डम्बरदत्त पाण्डेय	१९७५०	१० वटा झोला र १० वटा छाता प्रयोजन तथा वितरण भरपाई पेश गर्नुपर्ने।
११	९०३/२०८१।०३।२२	दिपेन्द्र भण्डारी	९७३६०	२२ थान जर्सी, २४ थान ट्र्याकसुट, ३ थान भलीबल नेट तथा ८ थान भलीबल वितरण गरेको भरपाई पेश नभएकोले नामनामेसी सहितको वितरण भरपाई पेश गर्नुपर्ने।
	जम्मा		२०६३५९६	

प्रमाण पेश नगरेको	२०,१५,५९६

३६ नियम पालन नगरी विज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। पालिकाबाट विज्ञापन वापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको पालिकाबाट यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

गो.भौ. नं./मिति	मिडिया/एजेन्सीको नाम	भुक्तानी रकम(मु.अ. कर)	विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मु.अ.कर बाहेक)
२११/२०८१।३।२४	अपि विज्ञापन एजेन्सी र आर के एडभर्टाइजिङ एण्ड सप्लायर्स प्रा.लि.	२११/२०८१।३।२४	५७८३
		प्रमाण पेश नगरेको	५,७८३

३७ इन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधनको लागि यस वर्ष इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.१३०००००.०० र इन्धन पदाधिकरी शिर्षकमा रू.१५४३४२८.०० गरी रू.२८४३४२८.०० इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी तथा कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

३८ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च गरेकोमा सोको अभिलेख राखेको छैन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै: गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापीकिताबमा प्रविष्टी गर्नु पर्दछ।

३९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा सुचिकृत २०२६ बेरोजगार मध्ये यो वर्ष २० योजना सञ्चालन गरी ९० जनालाई औसत ९३ दिनले

८३५५ दिन रोजगारी उपलव्ध गराई रू.५६२०८८१ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब ४.४४ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

वडा नं.	सुचिकृत बेरोजगार संख्या	रोजगार संख्या	रोजगार प्राप्त गरेको दिन	प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन	कुल खर्च	प्रति व्यक्ति औषत रोजगारी आय	रोजगार प्रतिशत
१	८१	९	८६४	९६	५७७२८६	६४१४३	११.११
२	२३६	९	८५५	९५	५७५४७४	६३९४२	३.८१
३	३१८	९	८६३	९६	५७८२०५	६४२४५	२.८३
४	३१५	९	८५८	९५	५७६७४८	६४०८३	२.८६
५	७०	९	८३४	९३	५६१८९७	६२४३३	१२.८६
६	८०	९	८४३	९४	५६७१९७	६३०२२	११.२५
७	६०	९	६६१	७३	४४६०४७	४९५६१	१५
८	३३०	९	८५३	९५	५६९८७१	६३३१९	२.७२
९	२२६	९	८६८	९६	५९६१६२	६६२४०	३.९८
१०	३१०	९	८५६	९५	५७१९९५	६३५५५	२.९०
जम्मा	**२०२६**	**९०**	**८३५५**	**९३**	**५६२०८८२**	**६३४५४**	**४.४४**

४० **सामाजिक सुरक्षा तर्फ**

४०.१ **सामाजिक सुरक्षा भत्ता वितरण** - यस वर्ष पालिकालाई रू.१४२८६१५६५.०० निकासा भएकोमा पालिकाबाट उपलब्ध विवरण अनुसार वडागत सामाजिक सुरक्षा वितरणको विवरण निम्नानुसार रहेको छ।

वडामा भएको खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा खर्च
वडा नं १	४५५००७९	४६९२३४९	४७०८४७५	४७९३९५१	**१८७४४८५४**
वडा नं २	३०९१५८०	३१२७४२१	३११८९४४	३०८७९५२	**१२४२५८९७**
वडा नं ३	३६४६६२६	३६९८१९३	३७३८६८०	३७४८१६७	**१४८३१६६६**
वडा नं ४	४३१२५७९	४३५४४७२	४३५९६४६	४४२५११०	**१७४५१८०७**
वडा नं ५	३०४४३९६	३०५००१५	३०७९९२९	३०९९३६०	**१२२७३७००**
वडा नं ६	६६३०५१५	६७४५९६२	६८०१३७४	६८८४९८५	**२७०६२८३६**
वडा नं ७	३१६२६५४	३२१७७९९	३२६९२९६	३३४३२८६	**१२९९३०३५**
वडा नं ८	२५४२५२२	२५६४६४८	२५९५३०६	२५८६२६६	**१०२८८७४२**
वडा नं ९	१८९४७९५	१९०६६९७	१८९५९८२	१९२६०१२	**७६२३४८६**
वडा नं. १०	२२९८५८५	२२८८२१३	२२८३५६१	२२९५१८३	**९१६५५४२**
जम्मा	**३५१७४३३१**	**३५६४५७६९**	**३५८५११९३**	**३६१९०२७२**	**१४२८६१५६५**

४०.२ **ग्राहक परिचान विवरण (के.वाइ.सी) अद्यावधिक नभएको -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। पालिकाबाट उपलब्ध गराएको विवरणका आधारमा को. ले. नि. का बाट सम्बन्धित लाभग्राहीको खातामा रका जम्मा भएतापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निस्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको छैन। जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

४०.३ **सामाजिक सुरक्षा लाभग्राहिको लगत कट्टा नगरेको -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ र नियमावली २०७६ को नियम १३ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा सम्बन्धित वडा समितिको सिफारिसमा स्थानीय तहले निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता पाउन अयोग्य व्यक्तिहरुको समयमा लगत कट्टा नगर्दा अयोग्य व्यक्तिको नाममा भत्ता गई अनियमितता हुन सक्ने देखिन्छ।

क्र. स.	लाभग्राहीको नाम	परिचयपत्र नं	ना. प्र. न.	मृत्यु मिति	फिर्ता रकम
१.	हरि सिंह साउद	२०१००२०५१०१०१	१४११	२०८०/९/१३	२०००
२.	रुपा देवी ठगुन्ना	२००५०६०७०६३३७	२१९०	२०८१/२/१५	६०००
३.	ठगु पहरी	१९९५०४३००१३६१	४४४	२०८१/१२/२८	१२०००
४.	निशा खत्री	२००६०९२८०००८८६	४४	२०८१/३/२	३९९०
५.	कौशा देवी भण्डारी	२००७०७२०००२९५	१७४९	२०८१/१२/३०	१२०००
६.	मानमती देवी पन्त	२००३११२००२९९५	५८७	२०८१/२/३२	४०००
७.	परि महरा	२००५११२७०१६३३	१४६४	२०८१/३/१९	१६७७

४०.४ **लाभ ग्राहिलाई परिचयपत्र उपलब्ध नगराई भत्ता वितरण गरिएको** - सामाजिक सुरक्षा नियमावी, २०७६ को नियम ८ मा लाभग्राहिलाई अनुसूचि-२ बमोजिमको ढाँचामा परिचयपत्र निःशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले लाभग्राहि परिचयपत्र उपलब्ध नगराई भत्ता वितरण गरिएको हुदा नियमको पालना नभई भत्ता वितरणमा अनियमितता हुन सक्ने देखिन्छ।

४१ **ग्रेड रकम बढी भुक्तानी**

निजामती सेवा ऐन, २०४९ को दफा ४७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले मिति २०८०/७/१ मा गो.भौ.नं. २ बाट भुवनेश्वर आ.वि. भगौति प्रा.वि. शिक्षक श्री पुष्कर सिंहको तलब भुक्तानी गर्दा, पारित तलबी प्रतिवेदन अनुसार प्रा.वि.तृतीय श्रेणी शिक्षकको ग्रेड रकम रू. १०९७ का दरले ६ वटा ग्रेडको रू. ६५८२ दिनु पर्नेमा रू. ११५८ को दरले रू. ६९४८ दिइ सञ्चित कोष सहितको श्रावण, भाद्र, आश्विन महिनाको तलब रु. १२०८ र चाडपर्व खर्च रू. ३६६ गरी जम्मा रू. १५७४ बढी भुक्तानी भएको हुदा सो रकम निजबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,५७४

४२ **शिक्षा तर्फ**

४२.१ **अनुदान व्यवस्थापन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वियन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन। अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वियन भएको छ भनि विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

क्र.सं.	**विद्यालयलाई गएको अनुदान**	**रकम**
१.	शिक्षण सहयोग अनुदान	८८,३८,०४६
२.	पाठ्यपुस्तक अनुदान	४५,६०,२७७
३.	गैरआवासिय छात्रवृत्ति	१२,६२,०००
जम्मा		**१४६६०३२३**

४२.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ६२ वटा सामुदायिक विद्यालयमा २९८ शिक्षक दरवन्दी रहेकोमा २९३ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ६२ वटा सामुदायिक विद्यालयमा ७८११ जना विद्यार्थी अध्ययनरत रहेका छन। नमुना परीक्षणबाट देहायको अवस्था रहेको पाइयो त्यसैले पालिकाले न्युन विद्यार्थी भएका बिद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

सि.नं.	विद्यालयको नाम र कक्षा संचालन	शिक्षक पदपूर्ति				पदपूर्ती	पदपूर्तीमध्ये करार	पदपूर्ती मध्ये नीजि स्रोत	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	करार	जम्मा					
१	सिद्धनाथ मा.वि. सिलङ्गा १२	१२	३	०	१५	१५	०	०	३८६	१:२६
२	कालिका मा.वि. मटे १०	३	६	०	९	९	०	०	२१३	१:२४
३	भुमेश्वर मा.वि. ठाँड १२	७	५	०	१२	१२	०	०	३१०	१:२६
४	सिद्धश्वर मा.वि. मेल्चोरा १२	८	६	०	१४	१४	०	०	३२०	१:२३
५	गणेश आ.वि. गेरडा ३	२			२	२	०	०	१८	१:९
६	बारघर आ.वि. साज ५	२	१	०	३	३	०	०	४१	१:१४
७	उदयदेव आ.वि. धन्चुली ८	१	१	१	३	२	१	०	४८	१:२४
८	सरस्वती आ.वि. किचार ५	२	१	०	३	३	०	०	४८	१:१६
९	सिगास आ.वि. मटे ३	०	१	०	१	१	०	०	२२	१:२२
१०	कृष्ण मा वि पाटन	१६	२	०	१८	१८	०	०	२९	१:२९
११	दुर्गाविताल आ वि गरालेक	०	१	०	१	१	०	०	१	१:३७

पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:९ देखि १:३७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

४२.३ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ६२ वटा विद्यालयलाई जम्मा रू. १९३६००० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

४२.४ **विज्ञान प्रयोगशाला स्थापना** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.६ मा विज्ञान प्रयोगशाला स्थापना गर्न रू. ६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री उदयदेव मा वि किम्तोली र सिद्धेश्वर मा वि मेल्चौरा लाई विज्ञान प्रयोगशालाको लागि रू.६५००००।०० को दरमा निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामाग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। प्राविधिक स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुन े आधार देखिदैन।अतः प्राविधिक तथा ल्याब सामाग्री खरिदमा निर्देशिकामा उल्लेखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ।

४२.५ **कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ को बुदा नं. ९.३ अनुसार स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालय छनोट गर्दा कम्तिमा आधारभुत तर्फ १०० विद्यार्थी र माध्यामि तर्फ २०० विद्यार्थी भएका विद्यालयहरु मध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धति बमाजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मानी उच्च अङ्क प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र

२ लाख निकासा गर्ने व्यवस्था छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वियन पुस्तिकाको सबै व्यहोरा पालना गरी अनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सो अनुसार गरेको प्रमाण पेश हुनुपर्दछ।

क्र.सं.	विद्यालयको नाम	अनुदानको प्रकार	रकम
१	ज्ञानेश्वर मा.वि. विजयपुर	कार्यसम्पादनमा आधारित अनुदान	३०००००
२	जयपुर आ.वि. उपल्लाबाट्टुला	कार्यसम्पादनमा आधारित अनुदान	२०००००

४२.६ **पाठ्यपुस्तक अनुदान** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम **(५)** सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ सोहि कार्यक्रमको बुदा नं ३.१ को (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकि अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरि नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले २०८१ को शैक्षिक सत्रको लागि पहिलो पटक ७५ प्रतिशत अनुदान ६१ वटा विद्यालयलाई रू. ३०,९०,५१५ भुक्तानी दिएकोमा नयाँ विद्यार्थी भर्ना विणरण, पुस्तक खरिद बिल, विद्यार्थीले पुस्तक बुझिलिएको भरपाई तथा IEMIS को आधारमा बाँकी अपुग रकम रू. १४६९७६२ भुक्तानी गरेको पाईयो। विद्यालयले पेश्कि अनुदानबाट पाठ्यपुस्तक वितरण गरिसकेपछि अपुग रकमको लागि विद्यालयबाट रकम माग भई आएमा पालिकाले अपुग अनुदान भुक्तानी गर्नु भन्दा पहिले विद्यालयको अनुगमन गरि सोको आधारमा थप पाठ्यपुस्तक अनुदान भुक्तानीको व्यवस्था गर्नुपर्दछ।

४२.७ **दिवाखाजा कार्यक्रम** - आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८०/८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अननुदानबाट कुल ६२ विद्यालयका लागि खाजा वापत रू. ९३,७७,५२० विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन यकिन हुन सकिएन। साथै पालिकामा भएका विद्यालयको नमुना परिक्षण गर्दा तपसिलका विद्यालयको कक्षा ३ को दिवाखाजा रकम बढी भुक्तानी भइको पाईयो। यसरि बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने। रु.

क्र. स.	विद्यालयको नाम	महिना	विद्यार्थीको हाजिरी प्रमाणित दिन	विद्यालयको हाजिरी अनुसारको हाजिरी दिन	फरक दिन	प्रति दिन प्रति विद्यार्थी दिवा खाजा दर	बढी भुक्तानी रकम
१	भुमेश्वर मा वि	श्रावण, भाद्र, पुष र फागुन	४००	१८७	२१३	१५	३१९५
२	ब्रह्म आ वि	श्रावण देखि चैत्र सम्म	२१०८	६७२	१४३६	१५	२१५४०
जम्मा							**२४७३५**

असुल गर्नुपर्ने	२४,७३५

४२.८ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४२.९ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४२.१० **IEMIS अद्यावधिक** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, निःशुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी साको आधारमा निकास दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरिएको प्रणालीमा विवरण अद्यावधिक गराई साही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४३ **स्वास्थ्य तर्फ**

४३.१ **न्यानो झोला कार्यक्रम**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २१ बर्थिङ सेन्टरमा गत वर्ष ३५० थानको रु. ३१३५९९ र यस वर्ष ३०० थान रु. २६७१३२ मा खरिद गरेको पाइयो। गत वर्ष ३७३ जना र यस वर्ष २८८ जना गरी ६६१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ११ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४३.२ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यसवर्ष पालिकाले जम्मा रकम रू. ३२५९४३२ को औषधी खरिद गरेको देखिन्छ। नमुना परीक्षण गर्दा देहायको विधिबाट औषधी खरिद गरेको पाइयो। साथै

खरिद गरिएका औषधी सहि समयमा वितरण गरिएको छ छैन तथा नागरिकले औषधीको सहि समयमा उपभोग गर्न पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

तपशिल

क्र. स.	गो.भौ.नं. र मिति	औषधि आपूर्तीकर्ताको नाम	रकम	खरिद विधि
१.	१२७(२०८०।०७।०७)	रौलाकेदार मेडीसिन सप्लायर्स	५,४८,३००	सोझै खरिद
२.	१७२(२०८०।०७।१७)	गोदावरी मेडीसिन सप्लायर्स	८,४७,६६५	सोझै खरिद
३.	५९८(२०८०/११/०५)	रौलाकेदार मेडीसिन सप्लायर्स	१०३६०००	e Bid
४.	८३२(२०८१३१७)	डेविट मेडिको फार्मा	७३९२०९	सोझै खरिद
जम्मा			**३१७११७४**	

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि Self-life को कम्तिमा ३/४ भाग अवधि वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभाव प्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। साथै सम्झौतामा उल्लिखित अवधि भन्दा कम अवधिको औषधि आपूर्तीकर्तामाथि समेत पालिकाले नियमित अनुगमन गरि आवश्यक कदम चाल्ने तर्फ ध्यान दिनुपर्दछ।

४४ कृषि अनुदानको अनुगमन तथा प्रतिवेदन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। यस वर्ष पालिकाले सशर्त अनुदानबाट पकेट क्षेत्रमा खोर/गाठ सुधार अनुदान रु. ५०००००, साना सिचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रममा अनुदान रु. १२०५०००, खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान,गहुँ) रु १४००००, मकै पकेट निरन्तरता कार्यक्रम अनुदान रु ५००००० गरी कृषि तथा पशुविकास कार्यक्रममा कुल रु. २३४५००० खर्च लेखेको छ। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा उत्पादन तथा उत्पादकत्वमा परेको प्रभाव, उत्पादकत्वमा भएको वृद्धिदर, बजारीकरणमा पारेको प्रभाव, अनुदान प्राप्त गर्ने लाभग्राहीको बिवरण लगागत विषयमा पालिकाले कुनै अध्ययन प्रतिवेदन तथा प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। पालिकाले वितरित अनुदान रकमको उच्चतम उपयोगको सुनिश्चितता गरेको प्रमाण कागजात लिएको छैन। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्‍याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता गर्नुपर्दछ। अनुदान वितरणको केही उदाहरण देहाएबमोजिम रहेको छ।

क्र.सं.	अनुदानग्राहीको नाम	अनुदानको प्रकार	अनुदान रकम
१	श्री बागबानी कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
२	श्री बाराघर कृषि सहकारी संस्था लि.	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
३	श्री राधिका बहु उद्वेशीय कृषि तथा पशुपन्छी फर्म	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
४	श्री पत्ताल भुमेश्वर बहुउद्वेशीय कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
५	श्री समैजी महिला कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
६	श्री लालीगुरास तरकारी उत्पादन कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	७५०००
७	श्री शिवलिंग बहुउद्वेशिय कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	८००००
८	श्री सिगास आलु उत्पादन कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
९	श्री निरज बहु उद्वेशिय कृषि फर्म	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
१०	श्री निर्देश बहु उद्वेशिय कृषि फर्म	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
११	श्री निलपालेश्वर आदर्श तरकारी उत्पादन कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	१०००००
१२	श्री सदाफल बहु उद्वेशिय कृषक समुह	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	६५०००
१३	श्री स्वावलम्बी बहुउद्वेशिय कृषि तथा पशुपन्छी व्यवसाय	साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम	५००००
१४	श्री मठैराज कृषि तथा पशुपन्छी फर्म	गोठ सुधार	५००००
१५	श्री महारुद्र बाराघर बहुउद्वेशिय कृषि तथा पशुपालन फर्म	गोठ सुधार	५००००

१६	श्री सहस्त्रलिंग कृषि तथा पशुपन्छी दालन बहुउद्देशिय फर्म	गोठ सुधार	५००००
१७	श्री बटुवाखोला कृषक समुह	गोठ सुधार	५००००
१८	श्री दिपिका बहुउद्देशिय कृषि फर्म	गोठ सुधार	५००००
१९	श्री सकेला बहुउद्देशिय कृषि फर्म	गोठ सुधार	५००००
२०	श्री अक्षता चन्दन कृषि तथा पशुपन्छी फर्म	गोठ सुधार	५००००
२१	श्री सहस्त्रलिग तरकारी उत्पादन कृषक समुह	गोठ सुधार	५००००
२२	श्री सुरज पोल्टी तथा कृषि बहु उद्देशिय फर्म	गोठ सुधार	५००००
२३	श्री जसलिंग बहु उद्देशिय कृषक समुह	गोठ सुधार	५००००
जम्मा			१६७००००

४५ **सम्झौताको कार्यान्वयन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको कुल दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलन शून्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। त्यसैगरी यसै नियममा पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने अधिकतम समय अवधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने व्यवस्था छ। एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत १५ शैया) अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८ असार २१ गते सिनर्जी/ प्रधान जे.भि. र यस पालिका बीच भएको सम्झौता अनुसार २०८० चैत्र ३० गते भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने उल्लेख छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू. १६२५०५४७६.५० (मु अ कर सहित) मध्ये हालसम्म रू. ६५४४०९३.०० भुक्तानी भएको छ। जस अनुसार पुरै सम्झौता अवधि सकिएको अवस्थामा २० प्रतिशत वित्तीय तथा २५ मात्र भौतिक प्रगति भएको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधिसम्म सम्झौताको म्याद थप भएको छैन। यसरी सम्झौता अनुसारको काम नभएको तथा ठेक्काको म्याद समेत थप नभएको अवस्थामा नियमावलीको नियम १२१ बमोजिम २०८० चैत्र ३० देखि लेखापरीक्षण अवधि २०८१ असार मसान्त सम्म ९० दिनको दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति रू. ७३१२७४६.०० हुने पूर्व निर्धारित क्षतिपुर्ति असुल गरी नियमावलीमा भएको प्रक्रीया पुरा गरी सम्झौताको समेत कार्यान्वयन गर्नु पर्दछ।रु.

असुल गर्नुपर्ने	७३,१२,७४६

४६ **प्रशासकीय भवन निर्माण**

स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ को दफा ११ मानगरपालिकाको हकमा १२ करोड सम्म लागत अनुमान भएको आयोजनाको ५० प्रतिशत सम्म बजेट नेपाल सरकारले उपलव्ध गराइने व्यवस्था छ। दफा १२ मा नेपाल सरकारले व्यहोर्ने लागत सहभागिताको बजेट नेपाल सरकारले सालबसाली रुपमा व्यवस्था गरिने उल्लेख छ। साथै आ.व. २०७८।७९ सम्मको कार्यक्रमबाट बजेट उपलव्ध गराई कार्यान्वयनमा रहेका क्रमागत आयोजनाको हकमा दफा ११ मा उल्लिखित सीमा भित्र रहि समपुरक वा अन्य अनुदानको रकमबाट नपुग हुन गएको रकम यस कार्यक्रमबाट उपलव्ध गरिने व्यवस्था छ। दफा १३ मा यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको प्रत्येक रनिङ् बीलको रकम भुक्तानी गर्दा तोकिएको लागत सहभागितको अनुपातमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यविधि अनुसार कूल रू. २ करोड ६८ लाख ५८ हजार ४९५ मा निर्माण सम्पन्न गर्ने गरी प्रशंसा शिवलिङ्ग जे.भि. संग मिति २०७८।३।११ मा मिति २०८०।१२।३० सम्म सम्पन्न गर्ने गरी भवन निर्माण कार्यको ठेक्का सम्झौता भएकोमा पाचौ तथा अन्तिम बिल सम्म मू. अ. कर सहित रू. २ करोड ३२ लाख ६२ हजार ३७७ भुक्तानी भएको देखियो। कार्यविधि

अनुसार लागतको ५० प्रतिशतले हुने रकम रू. १ करोड १६ लाख ३१ हजार १८८ संघीय स्रोतबाट ब्यहोर्नु पर्नेमा रू. ८२ लाख २६ हजार ८१४ मात्रै संघीय स्रोतबाट भुक्तानी भएको देखियो। तसर्थ संघीय स्रोतबाट घटी व्यहोरिएको लागत सहभागिताको रकम निम्नानुसार रू. ३४ लाख ४ हजार ३७४ संघीय स्रोतबाट नगरपालिकाको संचित कोषमा सोधभर्ना हुनु पर्दछ। रु.

रनिङ विल	**नगरपालिकाको बजेट**	**संघीय समपुरक अनुदान**	**जम्मा रकम**	**भौचर मिति**	संघीय स्रोतबाट ब्यहोरिने रकम	संघीय स्रोतबाटव्यहोरिएको घटि रकम
पहिलो किस्ता	०	२२२६८१५	२२२६८१५	२(२०७८।३।२४)	२२२६८१५	१११३४०७.५
दोस्रो किस्ता	०	६००००००	६००००००	१(२०७८।११।१)	६००००००	३००००००
तेस्रो किस्ता	८७१२४७५	०	८७१२४७५	५(२०७९।६।११)	०	(४३५६२३७.५)
चौथोकिस्ता	३८१२१६६	०	३८१२१६६	३१६(२०८०।३।१६)	०	(१९०६०८३)
पाँचौ किस्ता	२५१०९२२	०	२५१०९२२	५(२०८०।९।२)	०	(१२५५४६१)
जम्मा	१,५०,३५,५६३	८२२६८१५	२,३२,६२,३७८		१,१६,३१,१८९	(३४,०४,३७४)
					सोधभर्ना नलिएको	३४,०४,३७४

४७ **विशेष अनुदान**

विशेष अनुदान सम्बन्धि (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ९ मा दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको म्याद भित्र कार्यसम्पन्न हुन नसकेमा त्यस्ता आयोजना तथा कार्यक्रम पालिकाले आफ्नो स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ। आधारभूत स्वास्थ्य केन्द्र, सिद्धपुर भवन निर्माणको लागि निर्माण व्यवसायी सेती निर्माण सेवा र पालिकाबिच मिति २०७९।१०।१५ मा मिति २०८०।३।१५ भित्र सम्पन्न गर्ने गरी रु. ५५९९४३८।०० (मू.अ. कर सहित) सम्झौता भएकोमा तोकिएकोसमय अवधिमा आयोजना सम्पन्न नभई मिति २०८०।६।२८ मा सम्पन्न हुँदा पालिकाले आफ्नो स्रोतबाट रु. २६७७५२५।०० व्ययभार तिर्नुपरेको देखिन्छ। त्यसै गरी देहीमाण्डौ वसन्तपुर सडक निर्माण वडा नं. ५ मा निर्माण व्यवसायी दोगाडायु दृष्टि निर्माण सेवा र पालिकाबिच मिति २०७८।११।१० मा मिति २०७९।३।२० भित्र सम्पन्न गर्ने गरी रु. ५१३१८४६.०० मा सम्झौता भएकोमा ठेक्काको चौथो पटक मिति २०८१।१२।३० म्याद थप भएको देखिन्छ। यसरी उल्लेखित निर्माण कार्यको तोकिएको समयमा कार्य सम्पन्न नहुनाले हालसम्म केन्द्रबाट कुनै बजेट निकासा नभई पालिकाबाट रु. २३०८६४२.०० भुक्तानी भएको छ भने बाँकी दायित्व समेत पालिकाले व्होर्नुपर्ने देखिन्छ। अत: पालिकाले तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने तर्फ ध्यान दिई पालिकालाई व्ययभार थप गर्ने तर्फ नियन्त्रण गर्नुपर्दछ।

४८ **पूर्वनिर्धारित क्षतिपूर्ती**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको कुल दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलन शून्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा नियमानुसार म्याद थप गर्न सक्ने व्यवस्था छ। तपशिलको कार्य निर्धारित समयमा सम्पन्न नहुनुको साथै लेखापरीक्षण अवधि सम्म म्याद थप समेत भएको देखिदैन। अत: नियमावलीको नियम १२१ बमोजिम दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति असुल गरी सम्झौताको कार्यान्वयन गर्नुपर्दछ। रु.

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायको नाम	सम्झौता रकम	सम्झौता मिति	शुरु सम्झौता अवधि	अवधि (२०८१ असार ३१ सम्म)	पुर्व निर्धारित क्षतिपुर्ति
NCB/PTN/BAITADI/03/2080-081	आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण पाटन ३, गुजर	श्री कृष्ण मेडिकल हल/ श्री कृष्ण निर्माण सेवा पाटन, बैतडी	४७९१५६७	२०८०।११।१	२०८१।३।१५	१५ दिन	३५९३६
NCB/PTNMUN/W-01/2078/79	वडा नं. ५ को वडा कार्यालय निर्माण	जय मा स्वर्गद्धारी निर्माण सेवा प्रा.लि.	७१२५२१७	२०७८।९।६	२०८१।२।३०	३०	१०६८७८
जम्मा							१४२८१४

असुल गर्नुपर्ने	१,४२,८१४

४९ **विजक पेश हुनु पर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यकार्यको लागि सम्झौता बमोजिम प्रोभिजनल सम अन्तर्गतको ल्याव टेस्ट र इन्सुरेन्स वापतको रकम भुक्तानी भएकोमा बिजक पेश भएको देखिएन। अत: तोकिएको विजक पेश गर्नु पर्ने रू.

ठेक्काको नं.	ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम	भुक्तानी भएको ल्याव टेस्ट वापतको रकम	भुक्तानी भएको Insurance वातको रकम	जम्मा विजक पेश गर्नुपर्ने	कैफियत
NCB/PTN/BAITADI/01/2080-081	सरस्वती आवि गुथडीको भवन निर्माण	आयुष विल्डर्स पाटन ४, बैतडी	३४१०२	०	३४१०२	विजक पेश नभएको
NCB/PTN/BAITADI/03/2080-081	आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण पाटन ३, गुजर	श्री कृष्ण मेडिकल हल/ श्री कृष्ण निर्माण सेवा पाटन, बैतडी	०	३७०००	१४८२९	२२१७१ को मात्र विजक पेश भएको
NCB/PTN/BAITADI/02/2080-081	धरम देव निर्माण सेवा	आवास गृह निर्माण	४००००	४००००	१२५६८	Insurance वापत रु. २७४३२ र Lab test वापत रु. ४०००० को मात्र विजक संलग्न
NCB/PTN/BAITADI/09/2080-081	सिगास निर्माण सेवा	कोइराली लिफ्ट सिंचाई योजना, पाटन १०, बैतडी	२००००	२००००	२५२८३	Insurance वापत रु. १४७१७ को मात्र विजक संलग्न
NCB/PTN/BAITADI/04/080-081	प्रसना कन्स्ट्रक्सन	गौडालीगाड देखि पौडी खिपाली खानेपानी योजना	०	७५०००	१२३२७	Insurance वापत रु. ६२६७२ को विजक पेश
जम्मा					९९१०९	

प्रमाण पेश नगरेको	९९,१०९

५० **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निम्नानुसार निर्माण कार्यमा निर्माण व्यवसायीलाई बढी परिमाणको भुक्तानी दिएकोले सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायी	कामको विवरण	Item	बढी भुक्तानी भएको परिमाण	दर	बढी भुक्तानी भएको रकम (भ्याट सहित)	कैफियत
NCB/PTN/BAITADI/01/2080-081	आयुष विल्डर्स पाटन ४, बैतडी	सरस्वती आवि गुथडीको भवन निर्माण	Rubble stone masonry(१:६)	३.६७	७०००	२९०३०	Exterior wall को ढुङ्गाको चिनाई कार्यमा १८ वटा कोलमको लम्बाई ०.३५ मि., चौडाई ०.४५ मिटर र उचाई ०.६०, १.७ घनमिटर ७.२९ घनमिटरको भुक्तानी हुनुपर्नेमा नघटाई ८.९९ घनमिटरको भुक्तानी भएको र Along Grids 1-2-3 wall को ढुङ्गाको चिनाई कार्यमा २१ वटा कोलमको लम्बाई ०.३५ मि., चौडाई ०.४५ मिटर र उचाई ०.६०, १.९७ घनमिटर घटाई १८.३८७ घनमिटर भुक्तानी हुनुपर्नेमा २०.३६ घनमिटर भुक्तानी भएको।
NCB/PTN/BAITADI/02/2080-081	धरम देव निर्माण सेवा	आवास गृह निर्माण	Stone soling	४.४३	३५००	१७५२०	Stone soling कार्यमा Plinth beam मा दोहोरो भुक्तानी भएको (Along Grid A-B-C-D संख्या ४, L-10.1, B-0.45, H-0.15 र Along Grid 1-2-3-4 संख्या ४, L-6.31, B-0.45, H-0.15)
जम्मा						४६५५०	

असुल गर्नुपर्ने	४६,५५०

५१ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार लागत अनुमान भन्दा १५ प्रतिशत भन्दा कमको कवोल अङ्क भएमा कवोल अङ्कको ५ प्रतिशत र सो भन्दा बढि जति रकमले घटि कवोल भएको छ । सोको पचास प्रतिशतले हुने रकम समेत थप गरी कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र सोको अवधि त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढिको हुनु पर्ने व्यवस्था छ। निम्नानुसार निर्माण कार्यको नियमावलीले तोकेको अवधि भन्दा कम अवधिको कार्यसम्पादन जमानत संलग्न रहेकोले त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढिको कार्य सम्पादन जमानतको म्याद थप गर्नुपर्दछ।

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	कार्यसम्पादन जमानत	कार्यसम्मन्न गर्नुपर्ने मिति	कार्यसम्पादन जमानतको अवधि	कार्यसम्पादन जमानतको हुनुपर्ने अवधि	कैफियत
NCB/ PTN/BAITADI/03/ 2080-081	आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण पाटन ३, गुजर	श्री कृष्ण मेडिकल हल/ श्री कृष्ण निर्माण सेवा	४७९१५६७	८६५०००	२०८१। ३।१५	२०८२।३। ३१	२०८२।४। १५	सम्पन्न हुन बाँकी
NCB/ PTNMUN/W-04/ 2080-81	गौडालीगाड देखि पौडी खिपाली खानेपानी योजना	प्रसना कन्स्ट्रक्सन धनगढी	७३५९०७४	८०००००	२०८१। ३।१४	२०८२।३। ३०	२०८२।४। १३	योजना सम्पन्न
NCB/ PTN/BAITADI/08/ 2080/81	तोली लिफ्ट खानेपानी योजना		७३७१७७१	५४४०००	२०८२। ३।१४	२०८३।४। १३	२०८२।९। ३०	सम्पन्न हुन बाँकी
जम्मा				२२०९०००				
NCB/ PTN/BAITADI/06/ 2080-081	वडा कार्यालय निर्माण वडा नं. १	घरम देव निर्माण सेवा	८९४३०४१	७८००००	२०८१। १२।४	२०८१।४। ३०	२०८३।१। ४	सम्पन्न हुन बाँकी
NCB/ PTNMUN/W-01/2078-79	वडा नं. ५ को भवन निर्माण	जय मा स्वर्गद्वारी निर्माण सेवा प्रा.लि.	७१२५२१७	१५४००००	२०८१। २।३०	२०८०।९। २०	२०८२।२। ३०	सम्पन्न हुन बाँकी
जम्मा				२३२००००				
कुल जम्मा				४५२९०००				

५२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। वडा स्तरिय पाईप खरिद तथा खानेपानी मर्मत कार्यको लागि रु. २२००५५.०० को प्राविधिक विल पेश भएकोमा रु. २२८९६२.०० भुक्तानी भएको छ। अत: बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.

असुल गर्नुपर्ने	८,९०७

५३ **पेश्की बढी भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (१) मा सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई अग्रीम बैंक जमानत लिई पेश्की दिने व्यवस्था छ। ठेक्का नं. NCB/PTN/BAITADI/05/2080-081भूमेश्वर माध्यामिक विद्यालय पाटनको भवन निर्माणको लागि निर्माण व्यवसायी शिवलिङ्ग खप्तड जे.भि. र पालिकाबिच मिति २०८०।१२।६ मा रु. ३५६९३८०३.०० मा मिति २०८२।३।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता GCC 57.1 मा निर्माण व्यवसायीलाई सम्झौता रकमको ५ प्रतिशतको दरमा दुई किस्ता गरी जम्मा १० प्रतिशत पेश्की उपलब्ध गराउने उल्लेख छ। जसअनुसार पालिकाले निर्माण व्यवसायीलाई सम्झौता रकमको जम्मा १० प्रतिशतले हुने रु. ३५६९३८०.०० भुक्तानी हुनुपर्नेमा पालिकाले विविध खर्च खाता/कोष बैंक(ग २- ७) गो.भौ. नं. २(२०८१।२।१३) रु. ३००००००.०० र गो.भौ.नं. ३(२०८१।२।२५) बाट रु. ३००००००.०० गरी जम्मा रु.

६००००००.०० भुक्तानी गरेको छ। यसरी सम्झौता भन्दा बढी भुक्तानी भएको पेश्की रकममा व्याज समेत यकिन गरी सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ। रु.

असुल गर्नुपर्ने	२४,३०,६२०

५४ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको देखियो। जसले गर्दा बजेटमा मितव्ययीता र प्रभावकारीता कायम भएको देखिदैन। पालिकामा यस्तो प्रकृतीको खर्चले थप अनुत्पादक व्ययभार वढ्दै जाने देखिन्छ। अत: पालिकाले यस्तो प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ. नं. र मिति	विवरण	खर्च रकम
२०४(२०८१।३।२३)	शहित जित सिंह ठगुन्ना स्मृति प्रतिष्ठानको लागि फर्निचर खरिद	१९९४४५

५५ **निर्माण कार्यको अन्त्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने उल्लेख छ। निर्माण व्यवसायीलाई सम्झौता बमोजिम कार्य गर्न पटक पटक ताकेता गर्दा पनि निर्माण कार्य अधुरो राखेको र सम्झौता अनुसार कार्य नगरेकोले कार्यपालिकाको मिति २०८१।१।१२ मा ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय भएको देखिन्छ। यसरी सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायी कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुको साथै कार्यसम्पादन जमानत जफत गर्ने र सम्झौता बराबरको बाँकी कामनिर्माण व्यवसायीकै खर्चमा गराउनु पर्दछ। रु.

ठेक्का नं. कामको विवरण	निर्माण व्यवसायी	सम्झौता रकम	हालसम्मको भुक्तानी	वाँकी काम गर्न लाग्ने रकम	कार्यसम्पादन जमानत	कैफियत
सुर्नया, जोलवाझ, तोलि लिफ्ट सिचाई योजना	प्रभास कन्स्ट्रक्सन	३२५५३९०	१०,०९,९९७	३२५५३९०	१६५०००	निर्माण कार्यको ढिलाईको कारण प्रथम रनिङ विल वरावरको निर्माण कार्य समेत हाल काम नलाग्ने अवस्थामा रहेको
मल्ली, सिराडी, कउखुडा, संयुक्त सिचाई आयोजना	नविन निर्माण सेवा लि.	६१६१३४९	११८००७६	४९८१२७३	१८०७०००	
जम्मा		९४१६७३९	२१९००७३	८२३६६६३	१९७२०००	

असुल गर्नुपर्ने	८२,३६,६६३

५६ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनमा आधारित प्राविधिक नापजाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निम्नानुसार निर्माण कार्यको नापी किताब र ठेक्का विल भन्दा बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्दछ।रू.

भौ.नं. र मिति	कामको विवरण	निर्माण व्यवसायी	स्रोत	ठेक्का विल मू.अ. कर सहित	भुक्तानी रकम	बढी भुक्तानी
३३(२०८१।३।२२)	कोइराली लिफ्ट सिंचाई योजना	सिगास निर्माण सेवा	प्रदेश विशेष	२९०६४८१	३००७९४९	१०१४६८
८(२०८०।९।१३) संघीय विशेष र ४४(२०८०।११।३०) पालिका पुँजिगत	आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण पाटन १०	सेती निर्माण सेवा	संघ विशेष	५५२६००६	५५९८७८९	७२७८३
३८(२०८१।३।२४)	नमुना विद्यालय-क्यान्टिन निर्माण	श्री ज्ञानेश्वर मा.वि.-विद्यालयबाट ठेक्का सम्बन्धि कार्य भएको	संघीय सशर्त	२७८६२८७	२८३४४०१	४८११४
जम्मा						२२२३६५
					असुल गर्नुपर्ने	२,२२,३६५

५७ जनसहभागिताको अंश

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। तपशिलको निर्माण कार्यमा उपभोक्ता समितिको घटी अंश कट्टी गरी भुक्तानी भएकोले घटी कट्टा रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ। रु.

ब.उ.शि.नं.	गो.भौ.नं. र मिति	कामको विवरण	कार्यसम्पन्न रु.	उपभोक्ता समितिको अंश (१० प्रतिशत)	भुक्तानी हुनुपर्ने रु.	भुक्तानी भएको रु.	बढी भुक्तानी
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	३(२०८०।१२।१५)	महारुद्र कालसैनी परिसर पर्यटन निर्माण	१०४६८१८	१०४६८१	९४२१३७	९५०१५३	८०१६
संघीय शर्सत	३१(२०८१।३।१९)	केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान- विद्यालय पर्खाल तथा वन निर्मित भवनको झ्याल, ग्रील निर्माण कार्य(सम्झौता अनुसार विद्यालयको १०.२८५ प्रतिशत लागत सहभागिता)	१०७८२२६	११०८९६	९६७३३०	१००८०००	४०६७०
पालिका पुँजिगत	९१(२०८१।१।१४)	सिद्वेश्वर माविको अधुरो भवन निर्माण पाटन ९	१२६७०६२	१२६७०६	११४०३५६	११४६८४०	६४८५
पालिका पुँजिगत	१५१(२०८१।३।९)	भगवती आवि भवन निर्माण वडा नं. ४	१०६५११५	१०५६११	९५०५०४	९५५१३५	४६३१
जम्मा							५९८०२
						असुल गर्नुपर्ने	५९,८०२

५८ **आइसिटी ल्याव स्थापना**

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय च.नं. ११४६ मिति २०८०।११।१४ अनुसार पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र सूचना प्रविधि अधिकृतको उपस्थितिमा विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफको बैठकबाट खरिद तथा जडान गर्नुपर्ने सामाग्रीहरुको सूची एकीन गरी सामाग्रीको स्पेसिफिकेसन तयारी गर्नुपर्ने परिपत्र गरेको छ। त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरी स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। पालिकाबाट संचालित निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

क्र स	विद्यालयको नाम	विवरण	भुक्तानी रकम
१	श्री सिद्धेश्वर मा.वि.	आ.सि.टी. ल्याब व्यवस्थापन	६५००००

५९ **ठेक्काको म्याद थप**

ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन्। तर म्याद थप गर्दा सम्झौताको उक्त व्यवस्थाको सट्टा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को आधारमा अन्य कारणहरु देखाई थप गरिन्छ। सम्झौता अनुसार कार्यतालिका अध्यावधिक गर्ने, पूर्व जानकारी दिने, डेली डायरी राख्ने र दिन गन्तीका हिसाबले म्याद थप गर्ने अभ्यास छैन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक पटक म्याद थप गर्ने गरेको छ। सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधन (२०८०।११।२१) मा यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका बा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद परेको लगायतको कारणबाट सम्झौता बमोजिम कार्य हुन नसकेका निर्माण कार्यको हकमा निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम म्याद थपको कारण थप आर्थिक दावि नगर्ने प्रतिवद्धतासहित खरिद सम्झौताको म्याद थप गर्ने व्यवस्था गरी त्यसको कार्यान्वयन सुरु भइसकेको छ। निर्माण व्यवसयीलाई पटक पटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउने कार्यालयहरुको कमजोरीका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ। खरिद कानुन र ठेक्का सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई म्याद थपमा निरुत्साहित गरी ठेक्काको म्यादभित्र कार्य सम्पन्न गराउनु पर्दछ। केही ठेक्काहरुको म्याद थपको स्थिति तपसिल अनुसार छ।

क्र.स.	ठेक्का न.	योजनाको नाम र कार्य	निर्माण व्यवसायीको नाम	ठेक्का अंक	आ.व. २०७८/०७९ सम्मको भुक्तानी	सम्झौता मिति	शुरु अवधि	थप अवधि	म्याद थप प्रतिशत
१	NCB/PTNMUN/W-04/2078-079	देहिमाण्डु बसन्तपुर सडक निर्माण	दोगडायु दृष्टि निर्माण सेवा	५१३१८४६	२३०८६४२	२०७८।११।१०	२०७९।३।२०	२०८१।१२।३० (चौथो पटक म्याद थप)	६६० प्रतिशत

६० **नमुना विद्यालय**

नेपाल सरकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत नमुना विद्यालय विकास एंव सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन) को परिच्छेद- ९ मा नमुना विद्यालय अर्न्तगत विद्यालयलाई प्राप्त सम्पूर्ण अनुदान विद्यालयको कोषमा जम्मा हुने र सो कोषको सञ्चालन प्रधानाध्यापक र विद्यालयको लेखा हेर्ने कर्मचारीबाट हुने व्यवस्था गरेको छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अर्न्तगत नमुना विद्यालय तथा विशेष विद्यालयको भवन तथा पूर्वाधार व्यवस्थापन अनुदान अर्न्तगत यस वर्ष श्री ज्ञानेश्वर माध्यामिक विद्यालय विजयपुरलाई रु. ५००००००.०० निकासा भएकोमा देहाएबमोजिमका पूर्वाधार विकास कार्यमा खर्च गरेको छ।

क्र.सं.	विवरण	खर्च रकम	कैफियत
१	८ कोठे भवन निर्माण कार्य	५९५०९९६	आ.व. २०७८/७९ मा विद्यालयले ठेक्का प्रकृया मार्फत निलम सेवा कम्पनीले निर्माण गरेको ८ कोठे भवन निर्माणको आ.व. २०७९/८० को भुक्तानी दिन बाँकी यस वर्ष भुक्तानी भएको।
२	विद्यालयको Canteen निर्माण कार्य	२७२०२७९	ठेक्का प्रकृया मार्फत श्री कृष्ण मेडिकल हल सप्लायर्स/ श्री कृष्ण निर्माण सेवा मार्फत विद्यालयको Canteen निर्माण।

६१ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको कुनै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले नियमावलीमा तोकिएको १० लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक आर्थिक वर्षमा पटक पटकको खरिद बाट उक्त सीमा नाघेको अवस्था छ। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन।

गो.भौ.नं. र मिति	फर्मको नाम/ निर्माण व्यवसायी	खरिदको विवरण	भुक्तानी रकम
१७४(२०८१।३।१८)	दुर्गा स्टिल फर्निचर उद्योग	फर्निचर खरिद	९९८६५७
१८१(२०८१।३।२०)	के एम विल्डर्स	कैलपाल स्वास्थ्य चौकी घेरपर्खाल वडा नं. ७	९६१६६६
१७०(२०८१।३।१७)	अर्चना निर्माण सेवा		९६१५६६
पालिका पुँजिगत २७(२०८०।११।१)	नागार्जुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	प्रशासनिक भवन सेनेटरी व्यवस्थापन	४२८३७५
जम्मा			३३५०२६४

६२ बढि भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।गौडालीगाड देखि पौडी खिपाली खानेपानी योजना निर्माण व्यवसायी श्री प्रसना कन्स्ट्रक्सनलाई ठेक्का विल बढी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

रनिङ विल	ठेक्का विल रकम	भुक्तानी भएको	बढी भुक्तानी रु.
प्रथम रनिङ विल	४६७०२३६	४६७०२३६	०
अन्तिम विल	२६६२९२४	२६७०९२४	८०००
जम्मा	७३३३१६०	७३४११६०	८०००

असुल गर्नुपर्ने	८,०००

६३ वीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराई निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको अवस्थामा उक्त लगानी जोखिममा पर्ने देखिन्छ। यसरी वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

ठेक्का नं	**निर्माण व्यवसायी**	**सम्झौता रकम**	**विओक्यू मा वीमा रकम**	**कैफियत**
NCB/PTN/BAITADI/08/2080/81	तोली लिफ्ट खानेपानी योजना	७३७१७७१	४००००	५४४०००

६४ उपभोक्ता समिति मार्फत कार्य

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यबस्थापन सम्बन्धीसम्बन्धी कार्यबिधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यबस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट र फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको बिश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ।

६५ सव कन्ट्याक्टरबाट काम गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ। यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ।अनुसूचीमा उल्लिखित उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो। तसर्थ नियमावलीमा भएको व्यवस्था विपरित सव कन्ट्रक्टरबाट गराएको काम नियमसम्मत नभएको रु.

क्र स	**उपभोक्ता समितिको नाम**	**उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी**	**संलग्न निर्माण व्यवसायीको नाम**	**निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत**
१	डुब्के सडक निर्माण	३११९४३	रणविर निर्माण सेवा	३११९४३
२	सडक मर्मत सम्भार तथा सरसफाई वडा नं. ७	५६८१६८	हव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	५६८१६८
३	उदयदेव प्राथमिक विद्यालय पाटन ४	१८९४०१	आयुष विल्डर्स एण्ड सप्लायर्स	१८९४०१
जम्मा		१०६९५१२		१०६९५१२

असुल गर्नुपर्ने	१०,६९,५१२

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पाटन नगरपालिका, बैतडी , पाटन नगरपालिका , बैतडी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अर्जुन शर्मा	२०८०-२-९	२०८०-५-३०
कार्यालय प्रमुख	Sher Bahadur Budha	२०८०-६-२६	२०८१-१-२८
कार्यालय प्रमुख	Ganesh Singh Aeri	२०८१-१-३१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Shiva Thapa	२०८०-६-३०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२०,३१७,२४२	६९१,३३४	३,१९७,१४३	०	३,४०४,३७४	४७१,२६०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२८,०८१,३५३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२८५,४६७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२७,७९५,८८६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६१५९१७१.८३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४६४९८४३३४	**चालु खर्च**	४३९९७१८०७.७८
प्रदेश सरकारबाट अनुदान	२२२८९९५०	**पूँजीगत खर्च**	८९७९१३८६.३२
राजश्व बाँडफाँट	९५३८०३३१.०२	**वित्तीय/अन्य व्यवस्था**	१९८७००२३३.१४
आन्तरिक आय	७४०८९६२.८२		
अन्य आय	१६०१०४४४४.९९		
कुल आय	७५०१६८०२२.८३	**कुल खर्च**	७२८४६३४२७.२४
बाँकी मौज्दात		४७८६३७६७.४२	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण प्रभावकारी देखिँदैन। पालिकाले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।